# धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ६ | सङ्ख्याः ७ | मितिः २०८१/०७/३०

## भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

### फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८१

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापाता वितरण सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः** २०८१/०७/३०

**प्रस्तावनाः** धर्मदेवी नगरपालिकालाई फुसको छानो मुक्त नगरपालिका बनाई नगरबासीहरुलाई सुरक्षित वासस्थानको व्यवस्था गरि आधारभूत मानव अधिकारको प्रत्याभुति गराउन वाञ्छनीय भएकोले आर्थिक ऐन, २०८१ मा उल्लिखित फुसको छानो हटाउने कार्यक्रम कार्यान्वयनका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरणसम्बन्धी कार्यविधि, २०८१ कार्यपालिकाबाट स्वीकृत गरी लागू गरिएको छ।

### परिच्छेद - १
### परिभाषा र व्याख्या

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उप प्रमुख" भन्नाले धर्मदेवी नगरपालिकाको उप प्रमुखलाई जनाउँछ।

(ख) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

(ग) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई जनाउँछ।

(घ) "व्यवसाय कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ को उपदफा १ बमोजिम धर्मदेवी नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिको स्वामित्वमा रहेको उद्योग, व्यापार, व्यवसायलाई पूँजीको आधारमा लगाइने करलाई जनाउँछ।

(ङ) "सभा" भन्नाले धर्मदेवी नगरपालिकाको नगर सभालाई जनाउँछ।

(च) "सम्पत्ति" भन्नाले कुनै व्यक्तिका नाममा नगरपालिका क्षेत्रभित्र रहेको जग्गा र त्यस्तो जग्गामा बनेको संरचनालाई जनाउँछ।

(छ) "संरचना" भन्नाले घर, टहरा, गोदाम, सेड, ग्यारेज र पर्खाल जस्ता स्थायी निर्माणलाई जनाउँछ।

(ज) "सामुदायिक संस्था" भन्नाले नगरपालिका क्षेत्रभित्र गठन भई नगरपालिकामा सूचिकृत भएको समुदायमा आधारित सङ्गठित संस्थालाई जनाउँछ।

(झ) "प्रमुख" भन्नाले नगरकार्यपालिकाको प्रमुखलाई जनाउँछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीयको रुपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

(ट) "छनोट समिति" भन्नाले दफा ६ बमोजिम गठित समितिलाई जनाउँछ।

(ठ) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित समितिलाई जनाउँछ।

(ड) "फुसको छानो" भन्नाले जस्तापाता बाहेक अन्य कच्चा सामाग्री प्रयोग गरी छाइएको छानोलाई जनाउँछ।

(ढ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम नभई नगरपालिका क्षेत्रभित्र व्यक्तिगत स्वामित्व भएका फुसको छानोको घर भई उक्त घरमा बसोबास गर्ने व्यक्तिलाई जनाउँछ।

(ण) "स्थलगत सर्वेक्षण" भन्नाले नगरपालिकाद्वारा गठित कर्मचारीको टोली वा नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रुपमा छलफल समेत गरी सूचना, तथ्याङ्क सङ्कलन गर्ने कार्यलाई जनाउँछ।

(त) "नीजि क्षेत्र" भन्नाले स्वीकृति प्राप्त नीजि क्षेत्रका कम्पनी, फर्म, संस्था, व्यवसायिक व्यक्ति वा संगठित समुहलाई जनाउँछ।

(थ) "प्राविधिक" भन्नाले पूर्वाधार विकास शाखा अन्तरगत कार्यरत प्राविधिक कर्मचारी सम्झनु पर्छ।

(द) "वडा कार्यालय" भन्नाले धर्मदेवी नगरपालिकाका वडा कार्यालय सम्झनु पर्छ।

## परिच्छेद २

## फुसको छानो हटाउनका लागि जस्तापाता वितरण कार्यक्रम सञ्चालन प्रक्रिया

**३. सर्वेक्षण प्रक्रियाः**

(१) यस नगरपालिका क्षेत्रभित्र फुसको छानो भएका घरमा बसोबास गर्ने घरपरिवारको तथ्याङ्क प्राविधिक समेतको उपस्थितिमा सङ्कलन गरी वडा कार्यालय मार्फत् वडा समितिले निर्णय गरी नगरपालिकाको कार्यालयमा पठाउने।

(२) वडा कार्यालय मार्फत सङ्कलन भएको तथ्याङ्कलाई नगरपालिकाको कार्यालयमा अभिलेख राख्नु पर्नेछ।

(३) दफा ३ बमोजिमका कागजात सहित अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा आवेदन दिनु पर्नेछ।

(४) रित पुर्वक आएका निवेदन उपर छानविन गरी प्रक्रिया पुगेका निवेदन उपर कारबाहीका लागी नगरपालिकाको कार्यालयमा वडा कार्यालयले सिफारिस सहित पठाउनु पर्नेछ।

४. **आवेदन फारम साथ अन्य संलग्न कागजातहरुः**

(क) नगरपालिकाबाट खटिई आएको प्राविधिक सहितको टोलीबाट टिनको छानो लगाउन उपयुक्त भएको भनि प्रदान गरेको निस्सा।

(ख) नागरिकताको प्रतिलिपि।

(ग) जग्गाधनी पुर्जाको प्रतिलिपि,

(घ) सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,

(ङ) जग्गा धनिपुर्जा नभएका घरधनीको हकमा सम्बन्धित वडा कार्यालयको बसोबास प्रमाणित सिफारिसका साथै पानी तथा बिजुलीको विलको सक्कलै प्रति (यो खण्ड गुठीजग्गाको हकमा मात्रै लागू हुनेछ)

(च) कुनै कारणले जग्गाधनी पुर्जा प्राप्त गर्नबाँकी रहेको भए सम्बन्धित वडा अध्यक्षको रोहवरमा कम्तिमा पाँच जनाको सर्जमिन मुचुल्का,

(छ) मतदाता परिचय पत्रको प्रतिलिपि,

(ज) फुसको छानो भएको घरको अगाडी घरधनी समेत रहेको फोटो।

५. **लाभग्राहीमा पर्ने आधारहरुः**

(क) नगरपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्ने,

(ख) नगरपालिका क्षेत्रभित्र फुसको छानो भएको घर हुनुपर्ने,

(ग) हालसम्म नगरपालिकामा बुझाउनु पर्ने सम्पूर्ण कर चुक्ता भएको हुनुपर्ने,

(घ) गरिब घर पहिचान भएको हुनुपर्ने।

६. **लाभग्राहीमा नपर्नेः**

(क) बसाई सराई गरेको भएमा,

(ख) दुई वटा घर भई एक वटामा जस्तापाताको छाना लगाई सकेको भएमा,

(ग) घरधनीको मतादाता नामावली नगरपालिका भन्दा अन्यत्रको भएमा,

(घ) नगरपालिका क्षेत्र बाहिर जस्तापाताको छानो वा पक्की घर नभएको भनी घरधनीले स्वःघोषणा नगरेमा।

७. **छनोट समिति सम्बन्धी व्यवस्थाः**

(क) लाभग्राहीको रुपमा छनोट भएका घरधनीहरुको छनोट गर्नका लागि तपशिल बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| संयोजक | - उपप्रमुख |
| सदस्य | - सम्बन्धित वडाका वडा अध्यक्ष |
| सदस्य | - प्राविधिक शाखा प्रमुख |
| सदस्य | - सम्बन्धित वडा हेर्ने प्राविधिक |
| सदस्य सचिव | - योजना शाखा प्रमुख |

(ख) छनोट समितिले लाभग्राही छनोट गर्दा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला, आर्थिक तथा सामाजिक रुपले पिछडिएको वर्गलाई आधार मानी प्राथमिकता अनुसार छनोट गर्नुपर्नेछ।

(ग) उक्त समितिले लाभग्राही छनोट गर्न बैठक बसे अनुरुप नियमानुसार बैठक भत्ता उपलब्ध गराउन सकिनेछ।

८. **कर्मचारी तथा पारिश्रमिक सम्बन्धी व्यवस्थाः**

(क) फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रममा खटिने कर्मचारी तथा जनप्रतिनिधीहरुलाई सञ्चार, खाजा तथा खाना खर्च उपलब्ध गराइनेछ।

(ख) फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रममा आवश्यक पर्ने कर्मचारी नगरपालिकामा रहेको मौजुदा कर्मचारी मध्येबाट खटाइनेछ।

९. **वितरण प्रक्रियाः** छनोट समितिबाट वास्तविक लाभग्राहीको छनोट पश्चात् प्राविधिकबाट घरको नापजाँच गरी आवश्यक पर्ने जस्तापाता मात्र उपलब्ध गराइनेछ।

१०. **खरीद प्रक्रियाः**

(१) फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रमका लागि आवश्यक पर्ने जस्तापाता सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गरि वितरण गरिनेछ।

(२) वडा कार्यालय मार्फत् फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण गर्नु पर्ने भएमा यसै कार्यविधि बमोजिमका प्रक्रिया पुरा गरी गरिनेछ।

११. **दण्ड जरिवाना हुन सक्नेः**

(१) यदि कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको खण्डमा वितरण भएको जस्तापाता जफत गरी निजले नगरपालिकाबाट प्राप्त गर्ने सम्पूर्ण सेवा सुविधा समेत रोक्का गरिनेछ।

(२) यदि कसैले वितरण गरेको जस्तापाता अन्य कुनै प्रयोजनमा प्रयोग गरेको पाइएमा निजबाट उक्त जस्तापाता बराबरको रकम असुल गरी निजले नगरपालिकाबाट प्राप्त गर्ने सम्पूर्ण सेवा सुविधा एक आर्थिक वर्षको लागि बन्द गरिनेछ।

**१२. अनुगमन प्रक्रियाः** जस्तापाता वितरण गर्नु पूर्व वा वितरण पछि कार्यक्रमको प्रभावकारीताको बारेमा अनुगमन कार्य तपशिल बमोजिमको समितिले गर्नेछ।

| | |
|---|---|
| संयोजक | - नगर प्रमुख |
| सदस्य | - नगर उप प्रमुख |
| सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - सम्बन्धित वडाको वडा अध्यक्ष |
| सदस्य | - प्राविधिक शाखा प्रमुख |
| सदस्य | - लेखा शाखा प्रमुख |
| सदस्य सचिव | - योजना शाखा प्रमुख |

**१३. विविधः**

(१) जस्तापाता वितरण भईसके पश्चात् २०८२ साल असार १५ गते भित्रमा फुसको छानो हटाई जस्तापाताको छानो लगाएको फोटो समेत संलग्न राखी कार्य सम्पन्न भएको जानकारी वडा कार्यालय मार्फत् नगरपालिकालाई दिनुपर्नेछ । कार्य सम्पन्न भएको प्रतिवेदन अनुसूची २ बमोजिम हुनेछ।

(२) फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रम कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा दफा ११ बमोजिम गठित अनुगमन समितिले दिएको निर्णय अन्तिम हुनेछ।

(३) फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बैठक भत्ता, सञ्चार, खाजा तथा खाना लगायतका खर्च यसै कार्यक्रमको कन्टिन्जेन्सी खर्चबाट बेहोरिनेछ ।

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची १

## दफा २ को उपदफा (३) सँग सम्बन्धित

फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रमका लागि दिइने निवेदनको ढाँचा।

मितिः २०८१।।

श्रीमान् वडा अध्यक्षज्यू,
धर्मदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
वडा नं. ... ... को कार्यालय, ... ... ... ... सङ्खुवासभा।

**विषयः जस्तापाता उपलब्ध गराइपाउँ।**

प्रस्तुत विषयमा यो निवेदन पेस गर्दछु की म धर्मदेवी नगरपालिका.........नं. वडा बस्ने ... ... ... को नाती/बुहारी ... ... ... को छोरा/पत्नि म ... ... ... ... को घरको फुसको छाना/झिङ्गटीको रहेको र तहाँ नगरपालिकाको फुसको छानो हटाउने कार्यक्रमका लागि जस्तापता वितरण कार्यक्रम अन्तरगत मेरो घर छनोट गरी जस्तापाता उपलब्ध गराइदिनुहुन तपसिलका कागजातहरु संलग्न गरी निवेदन पेस गरेको छु । बेहोरा साँचो छ, झुठो भएमा नगरपालिकाको कार्यविधि वा प्रचलित कानून बमोजिम सहुँला / बुझाउँला, साथै जस्तापाता प्राप्त गरे पश्चात २०८२ जेठ मसान्त सम्म जस्तापताले घर छाउने कार्य सम्पन्न गरिसक्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

**तपसिलः**

१. नगरपालिकाबाट खटिई आएको प्राविधिक सहितको टोलीबाट टिनको छानो लगाउन उपयुक्त भएको भनि प्रदान गरेको निस्सा।
२. नागरिकताको प्रतिलिपि।
३. जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि,
४. मालपोत/सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि,
५. मतदाता परिचय पत्रको प्रतिलिपि,
६. हालसालै खिचेको फुसको छानो भएको घरको अगाडी घरधनी समेत रहेको फोटो।

निवेदक
नाम थर................................
टोलको नाम............................
मोवाइल नं...............................

## अनुसुची २

## दफा १२ संग सम्बन्धित

फुसको छानो हटाउने कार्यक्रमका लागि जस्ता पाता वितरण कार्यक्रमको प्रतिवेदनको प्राविधिक प्रतिवेदन

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,
धर्मदेवी नगरपालिका, मुढेश्निश्चरे, सङ्खुवासभा।

**विषय :- प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।**

उपरोक्त सम्बन्धमा देहायको विवरण सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नाम :

लाभग्राहीको क्रमसंख्या :

लाभग्राहीको सम्झौताको क्रमसंख्या :

(जुन अवश्था हो सो मा रेजा ☐ लगाउने)

हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको

☐ कार्य सम्पन्न (कार्य सम्पन्नको हकमा)

सिफारिस : संग्लन फोटो वमोजिम कार्य भएको

☐ साईटमा छाना हाल्ने कार्य भइरहेको ।

☐ निर्माण कार्य सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

( नोट : प्रगतिको अवस्था देखिने हालको लाभग्राही सहितको फोटो प्रतिवेदनमा संलग्न गर्ने )

प्रतिवेदकको :-

दस्तखत :-

नाम,थर :-

पद :-

मिति :-

**प्रमाणीकरण मिति:** २०८१/०७/३०

आज्ञाले
प्रयाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत



धर्मदेवी नगरपालिका, सङ्खुवासभा